*नेपाल बार एसोसिएसनको १०औं अखिल नेपाल कानुन व्यवसायीहरूको राष्ट्रिय सम्मेलनमा "विधिको शासन, समावेशी प्रजातन्त्र र द्वन्द्व व्यवस्थापन"सम्बन्धी*
*नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयका प्रतिनिधि इयान मार्टिनको तर्फबाट श्री डेभिड जोन्सनले दिनुभएको मन्तव्य*

उद्घाटन समारोह
१ मार्च २००६

*सभाध्यक्षज्यू, विशिष्ट अतिथिज्यूहरू र नेपाल बार एसोसिएसनका सदस्यहरू,*

यहाँहरूको त्रिवर्षीय राष्ट्रिय सम्मेलनको उद्घाटनका लागि मलाई आज निम्तो गर्नु भएकोमा म इयान मार्टिनका तर्फबाट धन्यवाद ज्ञापन गर्न चाहन्छु । मेरो नाम डेभिड जोन्सन हो र युरोप र न्युयोर्कमा हुने बैठकहरूमा भाग लिन इयान मार्टिन बाहिर जानु भएको हुनाले नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयको म वरिष्ठ सदस्य हुँ । आज यहाँ देशभरबाट पाल्नुभएका कर्मठ कानुन व्यवसायीहरूसँग भेट गर्न पाउनु खुशीको कुरा हो तथा नेपाल बार एसोसिएसनसँग रहेको हाम्रो घनिष्ट सम्बन्धलाई अझ प्रगाढ बनाउने यो एउटा अवसर पनि हो ।

कानुन व्यवसायीहरूले ठूलठूला चुनौतीहरू र बढ्दो जोखिमहरूको निरन्तर सामना गर्नु परिरहेको बेला यो सम्मेलन हुन गइरहेको छ । गत वर्षको डिसेम्बर महिनामा इयान मार्टिनले नेपाल बार एसोसिएसनको स्वर्ण महोत्सवको भेलालाई सम्बोधन गर्नु भएयता मानवअधिकारको क्षेत्रमा अनेकौं चिन्ताजनक घटनाहरू देखापरेका छन् । तैपनि, यसै अवधिमा भ्रष्टाचार नियन्त्रण शाही आयोगको असंवैधानिकताबारे सर्वोच्च अदालतले हालै गरेको फैसलाजस्ता घटनाहरूले नेपालमा विधिको शासनतर्फ लाग्न कानुन व्यवसायीहरूलाई थप उर्जा र उत्साह प्रदान गरेका छन् । यी विकासक्रमहरूलाई सम्बोधन गर्नुभन्दा पहिले म नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार आयोग (ओएचसिएचआर)को कार्यादेश र कार्यबारे छोटकरीमा बताउन चाहन्छु ।

सन् २००५ अप्रिलमा श्री ५ को सरकार र मानवअधिकार उच्चायुक्त लुइस आर्बरबीच नेपालमा कार्यालय स्थापना गर्नेबारे एक सम्झौता सम्पन्न भयो । यस सम्झौताअन्तर्गत रहेर ओएचसिएचआरले नेपालमा मावनअधिकारको संरक्षण र प्रवर्द्धनका लागि नीति, कार्यक्रम तथा उपायहरूको तर्जुमा तथा कार्यान्वयनसम्बन्धी नेपालका अधिकारीहरूलाई सल्लाह प्रदान गर्ने उद्देश्यले मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना भए नभएको अनुगमन गर्दछ । हाम्रो मुख्य कार्यालय काठमाडौंमा छ भने ४ वटा क्षेत्रीय कार्यालयहरू विराटनगर, काठमाडौं, नेपालगञ्ज र पोखरामा रहेका छन् । हालैका महिनाहरूमा हाम्रो कार्यालयको जनशक्ति अत्यधिक वृद्धि भएको छ र अहिले हामीकहाँ ६० अन्तर्राष्ट्रिय र ७५ नेपाली कर्मचारीहरू कार्यरत छन् । ओएचसिएचआरले संयुक्त राष्ट्रसङ्घीय महासभा तथा मानवअधिकार आयोगसमक्ष आफ्ना प्रतिवेदनहरू पेस गरिसकेको छ । नेपालस्थित उच्चायुक्तको कार्यालयले मानवअधिकार र मानवीय कानुनको आरोपित उल्लङ्घनहरूबारे विभिन्न छानबिनहरू सम्पन्न गरेको छ, सरकारी अधिकारीहरूसक्ष प्रत्यक्ष रूपले आफ्ना सरोकारहरू उठाएको छ र त्यससम्बन्धी चिन्ता व्यक्त गर्दै धेरै प्रेस विज्ञप्ति पनि जारी गरेको छ ।

नेपालमा कानुनको सम्मान जगाउनु ओएचसिएचआरले गर्ने कार्यको प्रमुख पक्ष हो । प्रथमत, अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानुनले यस्ता सम्बद्ध मापदण्ड तथा दायित्वहरू उपलब्ध गराएको छ जसमार्फत हामी राज्य तथा गैरराज्यपक्षहरूले त्यसको पालना गरेका छन् कि छैनन भन्ने कुराको मूल्याङ्कन गर्छौं । दोस्रो, घरेलु कानुन, न्यायिक प्रक्रिया र कानुन व्यवसायीहरू अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुनको विशिष्ट एवं व्यप्त उल्लङ्घनहरूलाई सम्बोधन गर्नका निम्ति अत्यावश्यक तत्वहरू हुन् । यस सम्बन्धमा अत्यन्त जीवन्त, व्यवसायिक र प्रतिबद्ध कानुनी समुदाय पाएर नेपाल भाग्यमानी भएको छ ।

एक वर्ष अगाडि हाम्रो कार्यालय स्थापना भएयता ओएचसिएचआरले तीनवटा मुख्य क्षेत्रमा आफ्नो ध्यान केन्द्रीत गरेको छ : सशस्त्र द्वन्द्वसँग सम्बन्धित उल्लङ्घनहरू, प्रजातान्त्रिक अधिकारहरूको सम्मान र लामो समयदेखि विद्यमान मानवअधिकारसम्बन्धी मुद्दाहरू । हालै मानवअधिकार आयोगसमक्ष पेस गरिएको ओएचसिएचआरको प्रतिवेदनमा यी कुराहरूको विस्तृत रूपमा विवेचना गरिएको छ । अब म यो प्रतिवेदनका मुख्य निष्कर्षहरूबारे तपाईहरूको ध्यानाकर्षण गराउन चाहन्छु ।

सशस्त्र द्वन्द्वको सन्दर्भमा हामीले सुरक्षाफौज र नेकपा (माओवादी) दुबैबाट अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घन भएको पाएका छौं । सर्वसाधारणहरूको मनसायपूर्वक गरिने हत्यामा उल्लेख्य कमी आए तापनि घना आवादी भएका क्षेत्रहरूमा आक्रमण गरी सर्वसाधारणलाई भिडन्तमा संलग्न गरेर तथा सैन्य उद्देश्यका लागि निजी घर तथा विद्यालयहरू प्रयोग गरेर दुबै पक्षले गैरसैनिक व्यक्तिहरूलाई ठुलो खतरामा पार्ने काम जारी छ । सुरक्षाफौजले सर्वसाधारणले बसोबास गर्ने क्षेत्र वा सो वरिपरि हवाई आक्रमण गरेको वा तोपगोला बर्षाएको छ भने नेकपा (माओवादी)ले राखेका विष्फोटक पदार्थ पड्केर धेरै मानिस अङ्गभङ्ग भएका वा मारिएका छन् । यस्ता कार्यहरूबाट गैरसैनिक नागरिक र लडाकुहरूबीच फरक छुट्याउनु पर्ने र द्वन्द्वको असरबाट सर्वसाधारणहरूको संरक्षण गर्नु पर्ने दायित्वहरूको उल्लङ्घन हुनपुगेको छ । यसदेखि बाहेक नेकपा (माओवादी)द्वारा भएका सैनिक कारबाहीमा बालबालिकाको प्रयोग र सर्वसाधारणको अपहरण पनि अन्तर्राष्ट्रिय मानवीय कानुनका उल्लङ्घनहरू हुन् ।

प्रजातान्त्रिक अधिकारहरू पनि नेपालमा गम्भीर खतरामा परेका छन् । डिसेम्बर र जनवरी महिनामा राजनीतिक पार्टीहरू र नागरिक समाजले आफ्ना शान्तिपूर्ण प्रदर्शनहरू चर्काएपछि सरकारले शान्तिपूर्वक भेला हुने स्वतन्त्रताको अधिकारलाई अत्यन्त सीमित गर्दै सार्वजनिक प्रदर्शनहरूमाथि पूर्ण प्रतिबन्ध लगायो । जनवरी २० मा काठमाडौंमा आयोजना गर्न लागिएको मुख्य प्रदर्शनको एक दिन अगाडि निवारक नजरबन्दअन्तर्गत आयोजकहरूको आम गरिफ्तारी गरियो । त्यसयता अनेकौं गिरफ्तारीहरू भएका छन् र केही घटनाहरूमा सुरक्षाफौजले प्रदर्शनकारीहरूमाथि अत्यधिक बल प्रयोग गरेको एवं पक्राउ गरिएकाहरूलाई दुर्व्यवहार गरिएको पनि पाइयो । अभिव्यक्ति स्वतन्त्रताको अधिकारमाथि बन्देज लगाउन चालिएका अन्य उदाहरणहरूमा गत वर्ष जारी गरिएका सञ्चारसम्बन्धी अध्यादेश र गैरसरकारी संस्थाका लागि आचारसंहिता, रेडियो स्टेसनहरूबाट प्रसारण उपकरणहरूको जफत तथा समाचार प्रसारणमा एफएम रेडियोमाथि लगाइएको प्रतिबन्ध पर्दछन् ।

अन्त्यमा, नेपालमा जात, जाति र लिङ्गमा आधारित भेदभावजस्ता लामो समयदेखि विद्यमान रहेका मानवअधिकारसम्बन्धी सरोकारहरू छन् जसलाई ध्यान दिन जरुरी छ । यी कुराहरूलाई कसैले द्वन्द्वका मूल कारणहरूमध्ये केही कारण मान्दछन् । लामो समयदेखि विद्यमान भेदभाव भोगेका मानिसहरू प्रायः असमान ढङ्गबाट द्वन्द्वबाट थप पीडित भएका छन् । उदाहरणका लागि, बर्दीयाका पश्चिमी क्षेत्रमा हामीले भेटेका बेपत्ता पारिएकाहरूका परिवारहरू थारूजस्ता अल्पसङ्ख्यक जातीय समूहबाट आएका छन् । द्वन्द्वमा संलग्न दुबै पक्षबाट महिला तथा बालिकाहरूले, खासगरी ग्रामीण क्षेत्रमा, यौन हिंसा खेप्नु परेको छ । यसरी लामो समयदेखि अधिकारबाट वञ्चित धेरै व्यक्तिले सशस्त्र द्वन्द्वको समयमा आफूलाई अझ जोखिममा परेका छन् ।

मैले भर्खरै नेपालमा मानवअधिकार स्थितिको दयनीय तस्विर चित्रण गरेको छु । यस सन्दर्भमा कानुन व्यवसायीहरू, नेपाल बार एसोसिएसन तथा अन्य सङ्गठनहरूलगायत नेपाली कानुनी समुदायका सदस्यहरूले नेपालमा मानवअधिकारको संरक्षण र प्रवर्द्धन गर्नमा महत्वपूर्ण भूमिका खेल्न सक्छन् । म आज नेपाल बार एसोसिएसनको त्रिवर्षीय सम्मेलनको अवसरमा कानुन व्यवसायीहरूले निर्वाह गरिरहेका वा निर्वाह गर्न सक्ने केही भूमिकाहरूबारे चर्चा गर्न चाहन्छु ।

**कानुन व्यवसायीहरूले, अन्तर्राष्ट्रिय मनवअधिकार र मानवीय कानुन उल्लङ्घन गर्ने व्यक्तिहरूलाई उनीहरूको कार्यप्रति जवाफदेही बनाउने कार्यलाई सुनिश्चि गर्न सक्छन्** । हत्या, यातना, बलपूर्वक बेपत्ता पार्ने कार्य, गैरकानुनी थुना, बलको अत्यधिक प्रयोगलगायतका मानवअधिकार र मानवीय कानुन उल्लङ्घन गर्ने शाही नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीका सदस्यहरूलाई उनीहरूका कार्यप्रति जवाफदेही बनाइनु पर्दछ । तथापी, गैरसैनिक अदालतहरूले यस्ता मुद्दाहरूमा बिरलै रूपमा आफ्नो क्षेत्राधिकारको प्रयोग गरेका छन् । खासगरी, शाही नेपाली सेना "सैन्य कारबाहीका बेला" गरिएका हत्या र बलात्कारका घटनाहरू गैरसैनिक अदालतको क्षेत्राधिकारभित्र पर्दैनन् भन्ने सैनिक ऐनको प्रावधानमा निरन्तर भर पर्दै आएको छ । तर, यस्ता उल्लङ्घनका घटनाहरू स्वभावैले "सैनिक कारबाही"को क्षेत्रभित्र परेको मान्न मिल्दैन । गम्भीर प्रकृतिका मानवअधिकार उल्लङ्घनका घटनाहरू सैनिक कर्तव्य पालना गर्दाको सिलसिलामा हुन गएको भन्न मिल्दैन भनी मानवअधिकार आयोग, यातनाविरुद्धको समिति र मानवअधिकारसम्बन्धी अन्तर-अमेरिकी अदालतलगायत अन्तर्राष्ट्रिय निकायहरूले बारम्बार व्यक्त गरेका छन् । यस्ता भनाइ र विधिशास्त्रको प्रयोग गरेर कानुन व्यवसायीहरूले प्रहरी, सरकारी न्यायाधिवक्ता र अदालतहरूलाई मानवअधिकार र मानवीय कानुन उल्लङ्घन गर्ने सुरक्षाफौजका सदस्यहरूको अनुसन्धान, अभियोजन र पूपर्क्षका लागि घच्घच्याउन कदम चाल्नु पर्दछ जसले गर्दा दण्डहीनता रोक्न सकियोस् ।

यसैगरी, नेकपा (माओवादी)ले आफ्ना कार्यकर्ताबाट मानवअधिकार र मानवीय कानुन उल्लङ्घनका विषयमा छानबिन गर्ने र कसुरदारहरूलाई सजाय गर्ने सार्वजनिक आश्वासनहरू व्यक्त गरे तापनि उनीहरूले हाम्रो कार्यालयले बारम्बार गरेका आह्वानका बाबजुद पनि यी अनुसन्धानका परिणामहरू वा गरिएका कारबाही हालसम्म पनि सार्वजनिक गरेका छैनन् । नेकपा (माओवादी)को नेतृत्वले व्यक्त गरेका प्रतिवद्धताहरूलाई गम्भीरतापूर्वक लिने हो भने यस्ता प्रक्रियामा पारदर्शिता र नेता तथा कार्यकर्ताहरूको जवाफदेहीता एउटा महत्वपूर्ण कदम हुनेछ जुन अद्यापि स्थापित हुन बाँकी नै छ ।

**कानुन व्यवसायीहरूले स्वेच्छाचारी र गैरकानुनी ढङ्गले पक्राउ परेका र थुनामा राखिएका व्यक्तिहरूको प्रतिरक्षा गर्न सक्दछन्** । हालसम्म सयौं व्यक्तिहरू सार्वजनिक सुरक्षा ऐन र आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण र सजाय) अध्यादेशअन्तर्गत पक्राउ गरी निवारक नजरबन्दमा राखिएका छन् र प्रत्येक दिन थप पक्राउका घटनाहरू जारी छन् । पक्राउ पर्नेहरूमा वकिल, राजनीतिक दलका नेता तथा सदस्य, पत्रकार, मानवअधिकार रक्षक र १८ वर्षमुनिका बालबालिकाहरू छन् । संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयले बारम्बार स्वीकारेको छ कि नेपाल बार

एसोसिएसनका सदस्यहरू, निवारक नजरबन्दमा राखिएकाहरूका तर्फबाट बन्दीप्रत्यक्षीकरणका रिट निवेदनहरू पेस गर्न सक्रिय रहेका छन् । यसरी पेस गरिएका सबैजसो निवेदनमा अदालतले सम्बन्धित बन्दीहरूलाई थुनामुक्त गर्ने आदेश दिएको छ । यद्यपि केही व्यक्तिहरू रिहा लगत्तै पुनः पक्राउ गरिएका छन् । कानुन व्यवसायीहरूले स्वेच्छाचारी ढङ्गले पक्रने र थुनामा राख्ने कार्य तथा पुनः गिरफ्तार गर्ने कार्यलाई चुनौती दिइरहनु अति आवश्यक छ । गैरकानुनी रूपमा निबारक नजरबन्दमा राखिएकाहरूलाई नेपाल अधिराज्यको संविधानमा व्यवस्था भएबमोजिम क्षतिपूर्तिसम्बन्धी अधिकारको उपभोग गर्न कानुन व्यवसायीहरूले सहयोग गर्नु पनि महत्वपूर्ण हुनेछ ।

**कानुन व्यवसायीहरूले अदालतलाई टेवा दिन र सवलीकरण गर्न सहयोग गर्न सक्छन्** । वितेका केही महिनामा सर्वोच्च अदालतद्वारा मानवअधिकार उल्लङ्घनका विभिन्न घटनाहरूलाई सम्बोधन गर्न सकारात्मक कार्यहरू गरेको हामीले देखेका छौं । हामीलाई थाहा छ कि जिल्ला अदालत र पुनरावेदन अदालतभन्दा बाहिर नेपालको सर्वोच्च न्यायिक निकायमा पुग्ने थोरै मात्र मुद्दा रहेका छन् । जे होस् मानवअधिकार संरक्षणमा उच्चतम प्रभाव पार्नसक्ने संभावना स्थानीय अदालतहरूमा रहेको छ । देशभरिका नेपाल बार एसोसिएसनका सदस्यहरूले मानवअधिकार संरक्षणमा स्थानीय अदालतहरूमा पनि अहंम भूमिका खेल्न सक्ने देखिन्छ । मानवअधिकार उल्लङ्घनका पीडितहरूलाई वास्तवमै न्यायमा पहुँच छ भनी सुनिश्चित गर्न अदालतहरूलाई चुनौती दिएर कानुन व्यवसायीहरूले अदालतको संस्थागत सबलीकरण र विकासमा ठूलो योगदान पुऱ्याउन सक्नेछन् ।

अन्त्यमा, कानुन व्यसायीहरूले न्यायपालिकाको स्वतन्त्रतामा सहयोग गर्न सक्दछन् । न्यायिक नियुक्तिसम्बन्धी कार्यविधि स्वतन्त्र न्यायपालिकाको एउटा महत्वपूर्ण पहलु हो । नियुक्ति प्रक्रियाको पारदर्शिता र शुद्धता सुनिश्चित गर्न नेपाल बार एसोसिएसनले नियुक्ति संयन्त्र र कार्यविधिमा संस्थागत सुधार गर्न आह्वान गर्न सक्दछ र इजलासका लागि सिफारिस गरिएका व्यक्तिहरूका सम्बन्धमा छलफल अघि बढाउन सक्दछ । यसै सन्दर्भमा, ओएचसिएचआरले न्यायिक नियुक्तिसम्बन्धी कार्यविधिको प्रयोग सम्बन्धमा नेपाल बार एसोसिएसनले व्यक्त गरेका चासोहरूलाई ध्यानमा राखेको छ ।

कानुन व्यवसायीहरूले निर्वाह गर्न सक्ने विभिन्न महत्वपूर्ण भूमिकामध्ये यी केहीमात्र उल्लेख गरिएका हुन् । आउने तीन दिनमा यहाँहरूले काठमाडौंमा मात्र होइन बाहिरी क्षेत्रहरूमासमेत व्यक्तिगत रूपमा र नेपाल बार एसोसिएसनको रूपमा सामूहिक रूपले नेपालमा मानवअधिकारको संरक्षण र प्रवर्द्धनमा कसरी योगदान पुऱ्याउन सकिन्छ भन्नेबारे अनेक व्यवहारिक विचारहरू ल्याउनु हुने कुरामा मलाई विश्वास छ ।

अन्त्यमा, यस्तो कठिन परिस्थितिमा पनि कानुनी राजलाई उच्च राख्नमा नेपाल बार एसोसिएसन तथा यसका सदस्यहरूले गर्नुभएको प्रयासहरूको पुनः एकपटक सराहना गर्न चाहन्छु र यससम्बन्धी आफ्ना प्रयासहरूलाई दोब्बर गर्नसमेत आह्वान गर्न चाहन्छु । यस भेलाले नै देखाउँछ कि नेपाल बार एसोसिएसन राष्ट्रिय स्तरमा पहुँच भएको, दक्षता र इमानदारी भएको र यी महत्वपूर्ण भूमिका निर्बाह गर्न सक्ने प्रतिवद्धता भएको एक अत्यन्त व्यावसायिक सङ्गठन हो ।